# प्रदेश सभा

# गण्डकी प्रदेश

# आठौं अधिवेशन

# (सातौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिती : २०७८।०२।२७ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ४ बजेर २७ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ, । माननीय सदस्यहरु, अब गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङले आँफुलाई प्रदेश सभाको विश्वाश दिइयोस् भनी राख्नु भएको प्रस्तावको सम्बन्धमा बाँकी छलफल प्रारम्भ हुन्छ । अब गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङलाई छलफलका क्रममा उठेका प्रश्नहरुको सम्बन्धमा जवाफ दिन अनुमती दिन्छु।

**माननीय मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङ**

माननीय सभामुखज्यू, आज गण्डकी प्रदेश सरकारको विश्वासको मतको प्रस्तावमा छलफलको चरणमा छौं हामी । गण्डकी प्रदेश सभाका सबै दलको प्रतीनिधित्व गर्दै माननीय सदस्यहरुले आफ्नो विचार राख्नुभएको छ । म त्यो विचारलाई सम्मान व्यक्त गर्न चाहन्छु र संवोधनको क्रममा उठेका केही विषयहरु जुन मैले स्पष्ट पर्नु पर्नेछ ती विषयहरु पनि म राख्ने नै चाहन्छु । मैले आफ्नो भनाई राख्न चाहनु भन्दा पहिला थोरै नेपालको राजनीतीक परिस्थितीको बारेमा थोरै या हामी किन नेगेटिभका कुरा गरिरहेका

छौं भन्ने कुराको थोरै नेपालको राजनीतीक दुर्घटनाहरुको बारेमा चर्चा गर्न चाहन्छु । हामीले धेरै पटक चर्चा गर्ने गरेका छौं । अघिल्लो संसदमा मैले एउटा सन्दर्भमा प्रश्न उठाएको थिएँ, त्यसमा माननीयहरुले आलोचना पनि गर्नुभयो, खण्डन पनि गर्नु भएको थियो ।

भनाईको मतलव मेरो विषय के छ भने नेपालमा जब जब जनताले लडेर लोकतान्त्रिक अधिकारहरु स्थापित गरेका हुन्छन्, जनमत प्राप्त गरेर जब पार्टीहरु लोकतन्त्रीक ढंगले लोकप्रिय बन्दै जनताको विश्वास जितेर जब सरकारमा पुग्छ, जनतामा एउटा आशाको लहर पैदा हुन्छ, विश्वासको लहर पैदा हुन्छ तब हाम्रो लोकतन्त्र फस्टिदैं जान्छ । अब हाम्रो विकासको निर्माणका कामहरुले निरन्तरता पाउँछन्, र हाम्रो जुन व्यवस्था छ त्यो व्यवस्थाले नेपाली जनताको हित गर्छ भन्ने जुन विश्वास पैदा भइरहेको हुन्छ तर त्यस्तो बेलामा विभिन्न राजनीतीक दुर्घटना भएको तर्फ म यहाँहरु तर्फ फर्कन चाहन्छु । त्यो कस्तो नियती होला ? हामीले त्यस्तो नियती भौग्दैछौं नेपालमा ।

२०१५ सालमा जुन आम निर्वाचन भयो, नेपाली काँग्रेसको त्यतीबेलाको सबैभन्दा लोकतान्त्रिक अहिलेको सरकार भन्दा बढी वहुमत अर्थात् ६९ प्रतीशत भन्दा बढी मत प्राप्त गरेर लोकप्रिय मतको हिसावले एउटा दुई तीहाईको सरकार बनाएको नेपाली काँग्रेस पार्टी । हाम्रो पार्टीहरुमा कार्यशैलीको केही कुराहरु होलान्, समस्याहरु होला, आदित्यादि केही न केही होला तर त्यो एउटा कुनै अदृश्य शक्ति छ भन्छु मैले नेपालमा । त्यो अदृश्य शक्तिले पार्टीहरु लोकप्रिय हुन थालेपछि, बलियो हुन थालेपछि, स्थिरतम मुलुकमा स्थापना हुन थालेपछि, पार्टीभित्र नेताहरुको बिचमा कन्सपायरिसी सिर्जना गरिदिने, कन्फ्लिक्ट सिर्जन गरिदिने, कन्ट्याक्डेटिभ सिर्जना गरिदिने थ्री सि भन्छौं हामी त्यसलाई । नेताहरुको यो कन्फ्लिक्टका कारणले हाम्रो लोकतन्त्र जहिले पनि यो धरातलमा परेको, दूर्घटनामा परेको हो ।

वि.पी. कोइराला जो हामी नेपालमा सबैले जननेता, जननायक भन्छौं, त्यतीखेर उहाँको नेतृत्वको विरुद्धमा सुवर्णजीहरुले जुन खालको फेरी अर्को जुन विद्रोह गर्यो र आफ्नो भित्रको जुन झगडाको कारणले र एउटा निरंकुशता लाद्रे महत्वाकांक्षा बोकेको

एउटा निरंकुश शासक अर्कोतीर भइरहेको कारणले ठूलो दुर्घटना भयो २०१७ सालमा, नेपाली काँग्रेसको दुई तीहाइ भन्दा बढी मत प्राप्त गरेर बनेको त्यो लोकप्रिय सरकार गिर्यो । हामी ३० वर्ष दुःख पायौं भनेर हामीले भन्न परेन । ३० वर्ष सम्म हामीले लडेर काँग्रेस कम्युनिष्ट मिलेर फेरी हामीले लोकतन्त्र ल्यायौं, बहुदलिय व्यवस्था ल्यायौं, बहुदलिय व्यवस्था स्थापना भइसकेपछि पहिलो जननिर्वाचित सरकार गिरीजाप्रसादको कोइरालाको सरकार, सुविधाजनक बहुमत प्राप्त गरेर बनेको सरकार, त्यो सरकार भित्र जुन बलियो सरकार थियो, ५ वर्ष शासन गर्न सक्ने हैसियत राख्थ्यो उसले ।

जनतामा ३० वर्षिय तानाशाही निर्दलिय पञ्चायती व्यवस्था समाप्त पारेर स्थापना भएको जुन बहुदलिय व्यवस्था थियो, अब यो बहुदलिय व्यवस्थामा टेकेर हामी लोकतान्त्रीक अभ्यास गर्दै, संसदीय अभ्यास गर्दै हाम्रो लोकतन्त्रलाई बालियो बनाउँछौं भन्ने जुन जनताहरुको विश्वास थियो, पार्टीहरुको विश्वास थियो । फेरी पार्टीभित्र कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाको र गणेशमान सिंह श्रेष्ठको कन्सप्प्यारेसी सिर्जना गर्यो, सृजना भयो, गराइयो भन्छु मैले र आफ्नो हुँदाखाँदाको बहुमत गुमाएर ७२ र ३६ सेको झगडाले गर्दाखेरी आफ्नै सरकार, आफ्नै  सांसदलाई गिरायो र लौहपुरुष गणेशमान सिंह श्रेष्ठले त्यो नेपाली काँग्रेस छोड्नु पर्ने स्थितीको सृजना गराइयो । यो भित्र कुनै न कुनै अदृश्य शक्ति छ भन्छु मैले । हाम्रो मित्रको  यती, यतीको हामीले गुनगान गाउँछौं, त्यो यती अहिले कसैले देखेको छैन । यस्तो राजनीतीक दुर्घटना गराउने यती पनि राजनीतीक यती पनि हामीले देखेका छैनौ, तर घटनाक्रम एक पछि अर्को गरी दोहोरिरहेको छ ।

२०७४ सालको निर्वाचन पछि संघीय लाकतान्त्रिक गणतन्त्रको संविधान हामीले ०७२ सालमा जारी गरिसकेपछि दुईवटा वामपन्थी दलको बिचमा चुनावी तालमेल भयो र झण्डै झण्डै दुई तीहाइ नजिक जनमत प्राप्त  भयो। वडा उत्साहका साथ, अब मुलुकमा केही न केही विकास हुन्छ, नयाँ संरचनामा पनि गयौं हामी । एकात्मक सरकारको ढाँचाको पद्धती ढालेर हामी संघीय पद्धतीमा गएका छौं । केन्द्रिकृत शासन प्रणालीलाई अन्त्य गरेर हामी संघीय शासन प्रणालीमा गएका छौं । सार्वभौम सत्ता र राजकीय सत्ताको बाँडफाँड गरेका छौं, तर त्यो बाँडफाँडको आधारमा जनता अझ शक्तिशाली भएर जनताको नजिकको सरकारले जनतालाई धेरै सेवा गरेर त्यो संघीय

शासन प्रणालीले मुलुकमा तर्क के दिन्छ भन्ने विश्वास थियो हाम्रो । हाम्रो दुईवटा पार्टीहरु बिच गठवन्धनमा गएका दुई वटा पार्टीहरु एक  भयो । एकीकृत नेकपा नेपाल कम्युनिष्ट पार्टी बन्यो, तर त्यो बनेको २, ३ वर्ष पुग्दा नपुग्दै फेरी नेताहरुको बिचमा त्यस्तै सुवर्ण र वि.पी. झगडा, गणेशमान सिंह, किसुन र गिरीजाप्रसाद कोइराला बिचको झागडा, अनि माधव नेपाल, प्रचण्ड र के.पी. शर्मा ओली बिचको झागडा उस्तै उस्तै होइन ?

घटनाक्रम उस्तै उस्तै हो नि । र अहिले हामी त्यही कन्सपायरिसी, कन्फ्लिक्ट र कन्ट्र्याडेसीको शिकार भइरहेका छौं । सिंगो नेपाल शिकार भइरहेको छ। यस्ता घटनाबाट हामी एकले अर्कालाई हिलो छ्यापेर, एकले अर्कालाई आङको छारो उडाएर, हामी मनमस्त भएर रोमान्समा डुबिराखेका हुन्छौ कि ? यस्ता घटनाहरुबाट केही सिक्छौं हामी ? यस्तै घटनाको बाच्छिटा छ यो प्रदेश गण्डकी प्रदेश सभामा, गण्डकी प्रदेश सरकारमा, हामी सबैले भनिराखेका छौं । हामीले र तपाईंहरुको सारा कुरा सुन्दाखेरी यस्ता राजनीतीक हिसावमा सानोतीनो विरोधको आलोचना त भइहाल्छ नि । प्रदेश सरकार प्रती तपाईंहरुको ठोस या सटिक या तात्विक या विनयी, कुनै ठूलो आलोचना छैन, केन्द्रकै बाछिटाले यो काम गरिरहेको छ । तर हामी यहाँ उत्तर दिने बेलामा पनि हामी मानौं हामी प्रधानमन्त्रीको विश्वासको मत लिइरहेका छौं, प्रधानमन्त्रीको विश्वासको मत लिने बेलामा त्यसको खण्डन गरिराखेका छौं भनेर हामी प्रस्तुत हुन्छौं ।

त्यो केन्द्रीयताको धंगाधंगी थियो हामीसँग, हामी संघीयताको अभ्यास गरिरहँदा पनि । आज पनि हाम्रो पार्टीहरु, हाम्रो सरकारहरु सबै बने पनि त्यो केन्द्रीयताले यती गाँजेको छ, यो ३ वर्षभित्र अदृश्य रुपमा मैले धेरै समस्याहरु भोगेको छु त्यसको । कतीपय रुपमा मैले प्रकटमा बाँधिएर सरकारको आलोचना गरेको छ, सबै फोरममा, तपाईंहरु यो कुनै पनि अन्तर प्रदेश परिषद्को वैठकमा तपाईंहरु जनुभएको छैन, राष्ट्रिय विकास समस्या समाधान समितीको वैठकमा जानु भएको छैन, अरु कुनै पनि फोरममा तपाईंहरु जानु भएको छैन त्यहाँ । त्यहाँ गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीले बोलेको कुरा एक दिनको, एउटा वैठकको त्यस्तो निष्कर्ष निकाल्नुस् या एजेण्डा निकाल्नुस्, जहाँ गण्डकी प्रदेशको मुख्मन्त्रीले संघीयताको बारेमा प्रदेश सभालाई

अधिकार सम्पन्न बनाउनु पर्छ भन्ने बारेमा, या स्थानीय तह र थोरै अधिकार सम्पन्न बनाउनु पर्छ भन्ने बारेमा र संघीय सरकारले अहिले पनि केन्द्रिकृत ढंगले चलिरहेको बारेमा र नेपालको सबै राजनीतीक दलहरुले यस विषयमा कुरा नउठाएको बारेमा, राजनीतीक पार्टीभित्र कुनै छलफल नभएको, स्वयत्तता कसरी अभ्यास भइराखेको छ भन्ने बारेमा, मैले धेरै टिप्पणी गरेको छु, धेरै आलोचना गरेको छु ।

त्यसकारणले यस्तो स्थितीमा आज हामी जुन ठाउँमा उभिएका छौं, हेरौ त आज हाम्रो, हेरौं न सबै पार्टीको स्थिती, आज हाम्रो संसदमा भएको पार्टीहरु जम्मा ४ वटा होइन ठुला पार्टी होइन र संसदको मान्यता प्राप्त पार्टी नेपाली काँग्रेस पार्टी एउटै छ, सबै अलरेडि डिभाइडेड हाउसमा थियो र यो भदौ महिना भित्रै गर्नु पर्ने महाधिवेशन ठूलो चपेटमा पनि छ, ठूलै संकटमा छ । नेकपा त फुटेर नेकपा एमाले र नेकपा माओवादी केन्द्र भइसक्यो । नेकपा भित्र कत्रो ठूलो विग्रह छ अहिले । पार्टी विभाजनको संघारमा पुगेको छ, हामी जलाईतसै मिलाउनु सकिन्छ कि भनेर हामीले प्रयत्न गरिराखेका छौं दोस्रो, तेस्रो तहका नेताहरु, तर तीनै पहिलो तहका नेताहरु त्यही एकताको तहमा उभिराखेको देखिन्छ, जनता समाजवादी पार्टी ।

संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी मिलेर बनेको त्यो पार्टी, त्यो मिलेर बनेको कुनै विधान पनि बनेको थिएन, कुनै नियमावली पनि बनिसकेको थिएन, त्यो गर्दा नगर्दा आज त्यो भर्टिकल्ली डिभाइडेड, सबै पार्टीभित्र कलह, सबै पार्टीभित्र कन्सिरेसी, अनि माओवादी तुलनात्मक रुपमा त्यहाँ विगह्र कम देखिन्छ अहिले तर ऊ दिशाविहीन छ । नेपालको राजनीतीक आशा लाग्दो ४ वटा राजनीतीक दलहरु जो छन् नेपाली जनताको सामु, ती दलहरुको हैसियत के छ अहिले ? हामीले आफैले एकले अर्कालाई यस्तो भन्दा भन्दै खुइलाइसकेका छौं, जनताहरु कसैप्रती विश्वास गर्ने स्थितीमा पुगेको छैन । हाम्रो कन्सपायरेसीले, हाम्रो कन्फ्लिक्टले, हाम्रो कन्टयाक्टेटिभको हिसावले केही सिर्जना गर्न सकेको छैन ।

हाम्रो यसमा ध्यानाकर्षित हुने कि नहुने ? हामीले आफ्नो नेताहरुलाई ध्यानाकर्षण गराउने कि नगर्ने ? नेताहरुको यो लापरवाहीको कारणले, या अहंकारको कारणले या उसको कार्यशैलीको एकलकाटेपनको कारणले, नेताहरुको बिचको

झगडालाई अगाडि बढाउन चाहने शक्तिहरुलाई बल मिलेको छ । यस बारेमा हामी कहिले सफल गर्छौं ? हामी आ-आफ्नो पार्टीभित्र गुट-टुटमा विभाजित छौं, गुटले गरेका कुराहरु सबै भगवानको आशीर्वादको जस्तो हामी ठान्छौं । त्यसमा हामीले कुनै आलोचनाको कुरा गर्दैनौं, कुनै यसमा आलोचना गर्ने युक्त कुनै काम छ, कुरा छ भनेर पनि हामी भन्दैनौं । हामी शिरोपर गर्छौं, पार्टीको अनुशासन भन्दा पनि गुटको अनुशासनलाई मान्छौ बढी, हामी सबै यहीं छौं । पार्टी, लोकतान्त्रिक पार्टी भन्ने या के भन्ने या पार्टीको अनुशासन राख्ने कुरा गर्छौं हामी ।

हामी कहाँ छौं आज? भत्काउँदैछौं हामीले निर्माण गरेका यो ७० वर्षसम्म संघर्ष गरेर ल्याएको यो लोकतन्त्रको आधारहरु, यो लोकतन्त्रका लागि लडेको पार्टीहरु पनि आफू पनि लोकतान्त्रिक हुँदै आएका छन् नि आफू जो लोकतान्त्रिकका लागि लड्छ र जो छन् ती पनि आज जो समाजको लोकतान्त्रिको लागि लड्छ आज कमजोर बनेको छ कि छैन ? कसैले खुशी नहुँदा केपी ओलीको विरोध गरेको छन्, खुसी नहुँदा कसैले शेरबहादुरको विरोध गरेका छन्, खुसी नहुँदा कसैले प्रचण्डको विरोध गरेका छन्, खुसी नहुँदा कसैले उपेन्द्र यादवको विरोध गरेका छन् । त्यसकारलेण हामीले यो एउटा एक खालको सिंहावलोकन गर्नुपर्छ नेपालीको राजनीती पार्टीका नेता कार्यकर्ताहरुले । हामी पनि आत्मबल निर्भरता नेता हौं, भोली हामी पनि कुनै न कुनै दिन हामी फ्रन्टलाईनमा पुग्न सक्छौं, पहिलो पुस्ताको नेता हुन सक्छौं यहाँ उमेरका, अनुभावका क्षमताको हिसावले ।

यो घटनाक्रम बारम्बार किन घटिराखेको छ भन्ने बारेमा हाम्रो एक खालको सीमा अवलोकन हुन्छ कि हुँदैन ? एक खालको समीक्षा हुन्छ कि हुँदैन ? एक खालको पाठ सिक्छौं कि सिक्दैनौं ? अहिलेको पुस्ताले यो पार्ट सिक्नु पर्छ । नेपालको राजनीती पार्टीले यो खालको पाठ सिक्नुपर्छ । नेपालको राजनीतीमा एक खालका एकदमै हुँदोनखादो भयो कि किन तानातान, किन हानाहान हुन्छ ? यो प्रवृत्तिले नेपाली जनताको आशा पूरा गर्न सक्छौं हामी ? नेपाललाई हामी जाँदाखेरी सिंगापुरसँग दाँज्छौं हामी, मलेसियासँग दाँज्छौं, कतीपय रुपमा मैले पनि दाँजेको छु त्यस्तो लायकको मुलुक बनाऔं भनेर, बनाउन सक्दैनौं हामी ।

यो कुर्चीमा त यो मुख्यमन्त्र पृथ्वीसुव्वा गुरुङ आज हुन सक्छ भोलि नहुन सक्छ या कृष्णचन्द्र पोखरेल आज हुन सक्छ, पर्सी नहुन सक्छ यस्तै ढंगले हुने हो भने यो जो हामीले अहिले जो लोकप्रियता प्राप्त गरिराखेका छौं यो त बिस्तारै बिस्तारै खिइदै जान सक्ने चिज हो । जनताको हक, नेपाली जनताको जनमत त हरेक १०, १२ वर्षमा परिवर्तन भइराखेको देख्छौं । हामी हेरौं न यो २००७ सालमा परिवर्तन भयो, ०१७ मा परिवर्तन भयो, ०२७ सालमा झामा विद्रोह भयो । ०३७ सालमा जनमत संग्रह भयो नेपालमा, ०४७ अर्को फेरी परिवर्तन भयो, ५७, ५८ पुग्दा नपुग्दै फेरी लोकतन्त्र गुम्यो, ०६६, ०६७ मा पुग्दा नपुग्दै हामी एउटा नयाँ अभ्यासमा आयौं हामी। हरेक १०/१२ वर्षमा नेपालमा परिवर्तन भइरहेको छ ।

अन्त्यमा हामीले जे ठूलो उपलब्धि हासिल गरेका छौं त्यो गुम्ने खतरा बढ्दैछ भन्न खोजेको हो । त्यसकारण आज पृथ्वीसुव्वा गुरुङले विश्वासको मत प्राप्त गर्छ कि गर्दैन, अस्ति अविश्वासको पक्षमा प्रतीपक्ष दलको गठवन्धनले वहुमत प्राप्त गर्यो कि गरेन भन्ने ठुलो कुरै छैन । यसकारण यस बारेमा हामीले समीक्षा जरुरी छ, हामी सबैले निधार खुम्च्याएर सोचौं । अब मैले एउटा कुरा समिती मिलेकै छैन भनिराखेका छु, केन्द्रमा गठवन्धन गरेका पार्टीले गरेका कुराहरु तपाईहरुले, हामीले सुनेको विषय के छ भने, संघीय सरकारको प्रधानमन्त्रीले संघीय संसद प्रतीनिधि सभा विघटन गर्यो, त्यो प्रतीनिधि सभा विघटन गरेको हुनाले त्यो संविधान कमजोर बनायो, संवैधानीक कदम भयो, अलोकतान्त्रिक कदम भयो, अझ प्रतीगमन नै भयो भनेका छौं हामीले । तर जनताबाट निर्वाचित भएको प्रतीनिधि संस्थालाई एउटाले गर्दा त्यो प्रतीगमन हुने, अनि हामी के गर्दैछौं ? प्रदेश सभामा के समस्या थियो यो ७ वटै प्रदेशमा ? त्यो विद्रोह, त्यो रोग, त्यो कोभिड यतातीर सरेर एकदम स्थिर भएर दही जस्तै जमेर बसेको प्रदेश सभामा आज हामीले ज्वालमुखीको मुख बनाएका छौं। तानातान र हानाहानको ठाउँ बनाएका छौं हामीले, अनि भइरहेको यो चीजलाई विघटनले हाम्रा पार्टी उद्धत हुने कुरा, हामी त्यतातीर उद्देत हुने कुरा जो वाध्यतात्मक सृजना हुँदैछ यो अग्रगमन हो त ? यो पनि प्रतीगमन नै हो ।

आफूले गर्दा अग्र हुने, अरुले गर्दा प्रतीमन हुने होइन । यदि त्यो प्रगतीगमन हुने हो भने यो पनि प्रतीगमन हुन्छ यदि त्यसो हुने भने । त्यसकारण यस बारेमा पनि

हामी जुन ढंगले काम गरिराखेको छौं, यसले हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रमाथि ठिसीटिउरी गर्नेहरुलाई बल मिलेको छ, जनताहरु कमजोर बनेका छन, हामीहरु निरीह बनेका छौं, उनीहरुले जे आलोचना गरे पनि हामी सहेर बस्नु परेको छ, सुनेर बस्नु परेको स्थितीमा छौं, यसबाट हामी सबै सतर्क हुने  हो कि ? हेक्का राख्ने हो  कि ? अलिकती यसबाट केही न केही सचेत हुने हो कि, पाठ सिक्ने हो कि? यही अनुरोध मेरो यो गण्डकी प्रदेश सभालाई ।

अनि संघीयतावादी, हामी सबै घनघोर संघीयतावादी छौं यहाँ, कोही पनि कोही भन्दा कमी छैनौं । राष्ट्रिय जनमोर्चाको आफ्नै पोलिसी छ, नीती छ उसको संघीयताको हाम्रो समर्थन छैन । राष्ट्रिय जनमोर्चाले विरोध गर्ने त होला उसको आफ्नै संघीयता छ। यो राप्रपा उसले संघीयताको विरोध गर्ने कुरा आफ्नो ठाउँमा होला । हामी जो संघीयताको पक्षधरमा भनेका छौं । संघीयता अनुसारको आचरण हामी आफैले गर्दैनौं, अनि अर्कालाई आलोचना गर्छौं, हाम्रो यो मेरो सबैको लागि प्रश्न के छ भने, म आफैमाथि पनि प्रश्न गरिराखेको छु हामीले के गर्न सकेका छौं ? यो संघीय शासन प्रणाली भनेको राजकीय सत्ता राजनैतीक सार्वभौमसत्ता बाँडफाँडको व्यवस्था हो, त्यो व्यवस्था हुने हाम्रो संवैधानीक जुन एकल अधिकार र साझा अधिकारले जुन संघ, प्रदेश र स्थानीय तहलाई छुट्याएको त्यो अनुसार अधिकार हामीले पाउनु पर्यो भन्ने कुरामा हामी कती लडिरहेका छौं ? यी प्रदेश सभाहरुलाई हामीले त्यस्ता प्रस्तावहरु गर्नु पर्ने थियो । हामीले पाएको अधिकार वन मन्त्रालय एक पछि अर्को अघि माननीयज्यूले यो त्रिवेणी र दुम्कीवासको कुरा हो, म आत्माआलोचित छु, मैले भनेको थिए हाम्रो लाइफ लाइन सडक हो भनेर मैले भनेको थिएँ तर आजसम्म त्यो सुरु हुन सकेको छैन ।

महासचिव हुनु पर्ने होला, तर त्यो भित्रको परिस्थिती के थियो ? आजको दिनसम्म म लडेको लडैछु वन मन्त्रालयसँग, नेपाल सरकारसँग, प्रधानमन्त्रीसँग धेरै पटक भनेको छु । अनि त्यो तथाकथित राष्ट्रिय निकुञ्जभित्र पर्ने, त्यो वफरजंग भित्र पर्ने भनेर आजसम्म हामीले अनुमती पाएका छैनौं, अनि उता युरेस्कोको अनुमती लिनुपर्छ, त्यो कागज त्यहाँसम्म बढाउन ३ वर्ष पुगेको छ । यो प्रवृतीको विरोधमा हामीले कहीं भन्न सकेका छौं ? भनेको  भित्र या बाहिर थोरै या मधुर रुपमा भनेको त तपाईंकै मुख्यमन्त्रीले भनेको छ, अरुले होइन तर आजसम्म पनि हामीले त्यहाँ गएर हेरेरै

त्यहाँको कर्मचारीलाई कन्भिन्स गरेर कहाँबाट ल्याइयो ? तर त्यहीं अड्किरहेको छ । यसको बारेमा हाम्रो कहिले छलफल हुन्छ? सामूहिक छलफल हुन्छ ? साझा छलफल हुन्छ ? साझा निष्कर्ष निस्कछ ? छैन । यो वर्ष सायद सुरु गर्न सकिन्छ होला भन्ने लाग्छ मलाई । विस्तारै प्रकृया सुरु भयो, यूनोस्कोले त्यसको केही नबिरीकन भनेर त्यो भन्न सक्छ, बनाउँदै नबनाउने भन्ने त होइन नि । हाम्रो कारणले त्यो पूरा गर्न सकेको छैन त्यो यो प्रदेश सरकारले नगरेको होइन, पर्यटनको काम नभएको हो ।

यो वहुसांस्कृतीक ग्रामको कुरा गरेका छौं । आजको दिनसम्म वहुसांस्कृतीक ग्रामको जग्गा प्राप्त गर्न सकेका छैनौं। कहिले वन मन्त्रालयले रोक्छ । कहिले कसले रोक्छ, कहिले अर्कोले रोक्छ, हामी कती संकटमा छौं ? हाम्रो अधिकार खोई ? त्यससकारणले यो जुन सरकार आए पनि त्यहाँ माथि, जसको जुन प्रधानमन्त्री आए पनि नियती यही हो हाम्रो किन भने सबैको काम गर्ने शैली हामीले देखेकै छौं, बुझेकै छौं । यो नेपाल सरकार यो व्यूरोक्रेसीलाई चलाउने त्यही सरकार हो । त्यसको मनोवृत्ति पनि हामीले बुझेकै छौं, आजसम्म अनुकल हुन सकेको छैन । त्यसकारले हामीले यो संघीयतालाई पक्षपोषण गर्ने भाषणमा मात्र होइन, यो रोष्टममा आएर मात्र होइन, हाम्रो व्यवहारमा के छ ? प्रदेश सरकारले कसरी काम गरेको छ ? प्रदेश सभाले कसरी काम गरेको छ ? अनि हामी एक पछि अर्को गर्दै हाम्रो खोस्दै गएको अधिकारलाई कसरी लिने प्रयत्न गरेको छ ? हामीले फोरमको कुरा उठाएका छौं, अनि जसले जसरी उठाएको छ त्यसलाई हामी कमजोर बनाउँछौं ।

त्यसले केही गरेन भनेर भन्छौं । मलाई थाहा छ मुख्यमन्त्रीहरुकाे यो पोखरामा पहिलो पटक भेला सम्मेलन हुँदाखेरी कोही मुख्यमन्त्री बाटोबाटै हराएको । यहाँ आज सायद सबभन्दा संघीयताका पक्षधरता त्यही माननीय मुख्यमन्त्रीज्यूले भन्छ होला । हामी ६ जना हुँदाहुँदै लाष्टमा अन्याय गरेर निकाल्दाखेरी हामी ५ जना मात्रै भएका थियौं । त्यतीखेरै खण्डित थियो तर त्यतीखेर हाम्रो भर्खरको जोश थियो सरकार बनेको, हामीले धेरै कुरा पनि गरेका थियौं । त्यसले २९ वटा बुँदाहरुमा सहमती गर्न नेपाल सरकारलाई वाध्य तुल्यायो । ८४ वटा बुँद्धामा हाम्रो ऐन कानुन बनाउने देखि लिएर, संरचना हस्तान्तरण गर्ने देखि लिएर, सारा कर्मचारीलाई व्यवस्थापन गर्नेदेखि लिएर, यती महत्वपूर्ण नबढाइकन नहुने रहेछ नि त किनकि हाम्रो जसरी संस्कार छ,

सामाजिक संस्कार छ, केन्द्रिकृत संस्कार छ, एकात्मक मनोवृद्धि छ, त्यसले गर्दा भइरहेको अधिकारलाई तलव दिनै चाहँदैनौ हामी, तलव दिनुपर्छ भन्ने थोरै छौं, व्यवहारमा, सबै पार्टीमा हेरिरहेको छु नि मैले । त्यो पार्टीमा कहिले छलफल हुन्छ संघीयताको बारेमा रु कुन पार्टीमा छलफल हुन्छ ? कहीँ भएको छैन । प्रदेश सरकारले भोगिरहेको समस्याको बारेमा कहीँ कुनै पार्टीमा छलफल भएर संसदमा बोल्ने भनेर कुनै पार्टीले बोलेको छ ? अहिलेसम्म बोलेको छैन । त्यही पक्षमा व्यवहारिक भयो त्यसकारण हामी यहाँ सारै तल बसेर सूर्यतीर फर्केर थुक्दा आफैमाथि पर्छ भनेको जस्तो त्यही भएको छ ।

सभामुख महोदय, यो सबै पार्टीमा विग्रह किन उत्पन्न भइरहेको छ ? लोकतन्त्रक किन कमजोर भएको छ ? भन्नेतीर हाम्रो ध्यान छैन । हाम्रो त प्रतीनिधिसभा भंग भयो, चुनावमा जाने भयो त्यसकारणले लोकतन्त्रक कमजोर भयो, त्यसको व्यख्या आफ्नो ठाउँमा आफूले गर्नु हुँदैन । तर हामी त्यस्तो एउटा परिघटनालाई अगाडि सारेर हामी जुन ढंगले यती विचलित छौं, विखण्डित छौं पार्टीहरु, विशृंखलित छौं, खण्डित छौं पार्टीहरु, पार्टी मजवुत भएन भने समाज मजबुत हुँदैन, समाज मजबुत भएन भने हाम्रो लोकतन्त्र धरापमा पर्छ भन्ने कुरा हामी सबैले बुझेकै कुरा हो । त्यसकारण लोकतन्त्र बलियो हुन तपार्टी बलियो हुनु पर्छ, एकतावद्ध हुनु पर्छ, पार्टीहरु सबै खण्डित-खण्डित हुँदै गइरहेको छ, सबै कमजोर कमजोर हुँदै गइरहेको छ, सबै झगडा भइरहेको छ भने त्यसमा एउटा न एउटा कित्तामा बसेर मजाले ताली बजाएका हुन्छौं भने त्यो माथिकाले कहिले पनि हामीले गरेको काम गल्ति भएको छ कि छैन भने पछाडि फर्केर हेर्दो रहेनछ, त्यो गल्ती हामीले गरिराखेका छौं, हामीले सचेत गराउने काम गरेका छौं कहिले ? गरेका छैनौं ।

यो गण्डकी प्रदेश सभाको माननीयज्यूहरुमा कमसे कम आ—आफ्नो ठाउँबाट त्यो काम गर्नुहोला भन्ने कुरा म माननीयज्यूहरुको भनाईमा आफ्ने भनाई राख्ने क्रममा यो केही कुरा राख्न चाहन्छु । अब यहाँ कुरा चर्चा भयो, प्रदेश सभा विघटन भएको हुनाले व्यवस्था विघटनको प्रश्न धेरै उठिरहेको छ । म भन्न चाहन्छु, व्यवस्था विघटन हामीले भाषण गर्दैमा हुने होइन । हाम्रो कामले यो सबै परिस्थिती हामीले जुन संघीय लोकतान्त्रीक गणतन्त्रात्मक संविधान २०७२ बनाएका छौं ।

त्यसको प्रस्तावमा जे जो उल्लेख छ, हामीले भन्यौं संघीयता लोकतान्त्रिक गणतन्त्र, हामीले भन्यौं संघीयता, हामीले भन्यो समावेशी समानुपाती समावेसिता, हामीले भन्यो धर्म निरपेक्षता, हामीले भन्यौं स्वतन्त्र र न्याय प्रणाली, हामीले भन्यौं आवधिक निर्माण, हामीले भन्यौं मानव अधिकार, हामीले भन्यौं मौलिक हक अधिकारको प्रत्याभूती, यस्ता चिजहरु कमजोर हुँदै गयो भने सकियो । यी सबै चिजहरु एक पछि अर्को गर्दै खुस्क्यो भन्ने होइन । समस्या हाम्रो जनप्रतीनिधि संस्थामा समस्या देखिएको छ, सरकारमा समस्या देखिएको छ, त्यो समस्याका कारणले हाम्रो समावेशी नै समाप्त हुने, या समानुपातीक समावेसी समाप्त हुने, हाम्रो धर्म निरपेक्ष समाप्त हुने यसमा केही कालो बादल लागिरहेको होला तर त्यो अधिले नै समाप्त हुने, हाम्रो स्वतन्त्र न्यायपालिका समाप्त हुने, हाम्रो आवधिक निर्वाचन प्रणालीको समाप्त हुने हाम्रो मौलिक अधिकारको प्रत्याभूती हामीले गर्न खोजिरहेका छौं त्यो समाप्त भइहाल्ने अहिलेको स्थिती होइन । त्यसकारले घटनालाई अतीरञ्जित गर्यो भने त्यस्तो घटनालाई भइदियोस् भन्ने केही शक्तिहरुले खोजिरहेका छन्, गरिरहेका छन् त्यसमा हाम्रो ध्यान जानुपर्छ होला जस्तो लाग्छ ।

अन्त्यमा, माननीय सदस्यज्यूहरुले उठाउनुभएको केही विषयमा म प्रवेश गर्न चाहन्छु । मैले यहाँ धेरै पटक सुनिराखेको कुरा, पहिला पहिला त्यस्तो लाग्ने थिएन । अहिले हामी पक्ष विपक्ष भएपछि, सत्ता पक्ष र प्रतीपक्ष या प्रतीपक्ष र गठवन्धनबाट सत्तापक्ष यो परिघटना पछाडि हामी यो प्रदेश सभालाई के गर्दैछौं, मैले यो प्रदेश सभालाई अपमान गर्न खोजेको होइन, त्यसमा मेरो शब्दले कसैलाई तल-माथि पर्छ भने अहिले सुरुमै क्षमा याचना गर्न चाहन्छु । हाम्रो कृयाकलापको कारणले, हामीले यहाँ अभिव्यक्त गर्ने विषयहरुको कारणले, त्यसको अन्तरवस्तुको कारणले यो प्रदेश सभालाई एउटा मैना चरीले जस्तै कसैले के भन्छ अनि क भन क भन, ख भन ख भन, ग भन ग भन । मैले पार्टीको नाइट कार्यक्रमहरुमा, भूमिगत कार्यक्रमहरुमा, एउटा कार्यक्रममा भेला गर्दाखेरी एकजना किसान कार्यकर्ता निरक्षर तर एकदम क्रान्तिकारी, अनि भन्दाखेरी अगाडि बस्नुहुन्थ्यो ।

अनि मैले यसो हो कि होइन, यसो हो कि होइन भनेर उहाँले पनि दोहोर्याउनुहुँदो रहेछ, अनि यसो गर्नु पर्छ भन्यो । उहाँले पनि यसो गर्नु पर्छ भन्नुहुन्थ्यो। कमसेकम

प्रदेश सभालाई सभासद्लाई मैना चरीको सभा नबनाओस् । यो सृजनशील होस्, केही न केही आलोचना भएको होस्, केही न केही यो सृजनात्मक क्रेज भएको होस, केही न केही यो प्रदेशको विशिष्टता, आफ्नो विशिष्टता छ, त्यसलाई केन्द्रित गरेर हाम्रो अधिकार छ हामीले बढी वहस र छलफल चलाउन सक्यौ भने यो एउटा सृजनशील थलो हुन सक्छ । यो एउटा सृजनशील निष्कर्ष निकाल्ने एउटा महत्वपूर्ण थलो हुन्छ सक्छ । हामीबिचको अहिले यो जुन तीक्तता बढ्दै छ, हामी महिनाचरीको रुपमा परिणत हुँदैछौं।

त्यसकारणले गर्दा त्यसो नगरौं भन्छु म मेरो आग्रह छ । मैले पनि गरेको छु भने म पनि त्यसमा सच्चिन तयार छु नगरौं । अर्को कुरा हामी के गर्दैछौं । नेपालको राजनीतीक दलहरु कसरी चल्दैछ भन्नुहोस् त ? काठमाडौंमा गरेको भाकल पूरा गर्नको लागि यहाँ कसैलाई वलि बनाउँछौं । मैले मेरो पार्टीको विभाजनमा पनि मैले भनेको छु । त्यो तीन जना नेताहरु मिलेर कहाँ कहाँ गर्छ ? कसैले बालुवाटारमा भाकल गर्छ, कसैले वालुवाटारमा भाकल गर्छ, कसैले कोटेश्वरमा भाकल गर्छ, मैले मेरो पार्टी एकीकृत हुँदाखेरी कुरा मैले भनेको । अनि त्यो भाकल पूरा गर्नको लागि यहाँ पार्टी कार्याकर्ताको वली हुन्छ । आज हामी त्यस्तै गरिरहेका छौं । सत्ता पक्ष एउटा, विपक्ष गठवन्धन अर्को छ, विपक्ष भनौं या सत्ता पक्ष भनौं हामी के भनौं ? अनि एउटा एउटा कुरा सुनायो, सारा गर्यो सारा गर्यो अनि त्यसले फोर क्रस किन गर्छ ? त्यसले अनुशासनहीन काम गर्यो, अनि त्यसले के गर्यो आदि त्यादि भनेर अनि हामीले आफ्नो मान्छेलाई वलि चढाउँछौ, अर्काको भाकल पूरा गर्नको लागि ।

यो संस्कार नेपाली राजनीती रहिन्जेलसम्म तलको कार्यकर्ताको विकास हुन सक्दैन, इमानदार कार्यकर्ता अगाडि बढ्न सक्दैन, आलोचनात्मक चेत भएका कार्यकर्ताको कहिल्यै विकास हुन सक्दैन । आज नमिठो लागे पनि, तर एउटा धर्म पूरा गर्नु पर्छ त्यसकारण त्यस्तो कुराको आफूलाई नमिठो लागे पनि त्यसो नगर्न म अनुरोध गर्न चाहन्छु । यहाँ माननीयज्यूले भन्नुभयो, यद्यपी मेरो धेरै आलोचना आयो । मैले भनेको थिए मेरो मन्त्रालयका साथीहरुलाई म स्वास्थ्य मन्त्री भइसकेपछि मलाई के लाग्यो भने म विरामी छु त के भयो ? म भन्दा धेरै जनताहरु विरामी छन् ।

म त कमसेकम घरमा डा. बेला-बेलामा आइरहेका हुन्छन्, म सुरक्षित नै छु तर अस्पतालको वेडमा छटपटाइरहेका हाम्रो नागरिकको के हालत होला ? म जे भएपनि त्यहाँ हेर्न जान्छु भनेर हेर्न गएँ, हेर्न जाँदा अस्पतालमा, त्यही अस्पतालको हामीले शिलान्यास गर्नु पर्ने थियो, ढिला भइसकेको थियो, यो मंसिर १५ सम्ममा सबै ठाउँमा शिलान्यास भइसकेको छ । यहाँ मात्रै शिलान्यास नभएको, यो बजेट आइसकेर, यसको स्टिमेट भएर, यो टेण्डर भएर गएपछि निर्माण हुने प्रकृया पूरा नभएसम्म यो अस्पतालको शिलान्यास गर्दिन भनेर बसेको मान्छे, मंसिर १५ गते गर्नु पर्ने कुरा, सबै ठाउँमा गरेको थाहा छैन तपाईंहरुलाई ? तपाईंहरु पनि धेरै ठाउँमा जानु भएको होला, गाउँ अस्पतालको, नगर अस्पतालको शिलान्यास गर्न । ती कतीपय ठाउँमा त अझ सुरु भएको पनि छैन होला ? यो जनतालाई झुक्याउने काम नगरौं ।

हामी सबै प्रकृया सुरु भएपछि अब बन्छ भनेपछि बल्ल शिलान्यास गर भनेको। अन्य त्यहाँको डक्टरले के भने, यो यहाँ मौसम पनि यस्तै छ, अब अन्तिममा पुगेको छ, हामीले प्रदेश जन स्वास्थ्य प्रयोगशाला त्यहाँ बनाउँदैछौं, अहिले ५० शैयाको नयाँ भवन पहिलो चरणको, पछिलो दोस्रो चरणमा १०० वेडको शैया १५ करोडको लागतमा बनाउँदैछौं हामीले । त्यसको शिलान्यास गरिदिनुपर्यो भनेर त्यहाँको सिओले भनेपछि म सकि नसकि गएर त्यहाँको शिलान्यास गरेको हो । त्यो काम भइरहेको छ माननीयज्यू, चिन्ता नलिनुहोस् माननीयज्यू । यो शिलान्यास गर्नको लागि, उद्घाटना गर्नको लागि लालायित तपाईंको मुख्यमन्त्री होइन । काम हुन्छ भने, जनताको उत्साह बढ्छ भने, कार्यकर्ताको उत्साह बढ्छ भनेर म पुग्छु तर हामीले हामीले सबै ठाउँमा टेण्डर भइसकेपछि मात्र सडकको हामीले शिलान्यास गरेका छौं ।

सडकको, पुलको टेण्डर भएर सम्झौता भइसकेपछि र ठेकदारको उपस्थिती गराएर मात्र हामीले शिलान्यास गरेका छौं त्यसकारण यो सस्तो टिप्पणी नगरिदिनु होला भनेर म अनुरोध गर्न चाहन्छु । म यो पटक आउँदाखेरी यो एउटा हुन्छ नि बाघ कराउनु बाख्रा हराउनु जस्तो सन्दर्भ यस्तो मिलेको मात्रै हो । त्यो संघीयता शासन प्रणालीको जे ढाँचा सुरुमा तयार भयो यसको म सुरुमै विमती राख्छु । मैले यो प्रदेश सभामा त्यसको व्याख्या राख्ने अवसर हामीले लिएनौं र मैले के भनेको छु भने तपाईंहरु माथि केन्द्रमा २५, २८ को २० प्रतीशत पाइन्छ भनेर २७५ को २८

जनाको मन्त्रीमण्डल बनाउने भनेर तपाईंहरु बनाउनु हुन्छ त्यसमा राज्यमन्त्री, सहायक मन्त्री पनि थप्नु हुन्छ अनि सारा संरचना तल गइसक्यो अनि कर्मचारी ५० हजार राख्नुहुन्छ यो कसरी मिल्छ ? २० हजार भन्दा बढी १ जना कर्मचारी बढी केन्द्रमा यो भने मसँग छलफल गर्नुहोला ।

मैले चुनौती दिएको छु । त्यहाँका टेक्नोक्र्याटहरुलाई, व्युरोक्र्याटहरुलाई, प्रधानमन्त्री र मन्त्रीहरुलाई, व्यूरोक्र्याटहरुलाई किन राख्ने यो? हामी तल स्थानीय तह र यसमा कर्मचारी नभएर हैरान भइराखेको छ । अनि तपाईंहरु भन्दै हुनुहुन्छ, यो मुख्यमन्त्री  संघीयताको पक्षमा होइन, माथि जे भन्यो अनि यहाँ  मैनाचरी करायो भन्नु। मैले के भनेको छु भने यो ७ वटा मन्त्रालयको जुन संरचना बनाइयो त्यो प्रशासनिक सुधार अनुसार जुन आयो त्यो अन्यन्त अव्यावहारिक, अव्यवस्थित, अवैज्ञानिक छ । ४-५ वटा, ६-७ वटा  मन्त्रालय एकै ठाउँमा छ, अहिले हाम्रो बजेटिङ्ग हुँदाखेरी के हुन्छ ? त्यो हिसावले हामीले त्यो पूर्वाधारमा जोड दिएको कारणले पनि हारो एउटा मन्त्रालयमा करीव करीव ७० प्रतीशत बजेट त्यहाँ राख्नु पर्नेछ।भौतीक पूर्वाधार मन्त्रालय भन्ने ठाउँमा उर्जा पनि, सिँचाई पनि, खानेपानी पनि, शहरी  विकास, सडक, पुल, झोलुंगे पुल पनि त्यहीं भए अनि त के छ, जनता विकास आवास कार्यक्रम पनि त्यही हो, अन्त केही काम छ ? जनताहरुको काम गर्नु पर्ने त्यही होला ?  यती धेरै काम गर्नु पर्ने ठाउँ छ, त्यो मिलेको छ ?  भनेर प्रश्न  उठाएको हो ।

अलि व्यवस्थित गरेर पछि मिलाउँला भनेको हुनाले, हामीले गत वर्ष स्टाफ कलेजसँग सम्झौता गरेर उहाँहरुले ६ महिना अध्ययन गरेर प्रदेश सभाहरुमा कती वटा मन्त्रालय न्छ भनेर ?  हामीले १२ वटै मन्त्रालय बनाउँछौ भनेर  भनेनौं । हामीले प्रदेशमा कुनै ठाउँमा  ९३ जना माननीय छन्, ११० जना माननीय भएको ठाउँमा २० प्रतीशतको हिसावले कती हुन्छ मन्त्रालय ? त्यो संविधानको हिसावले जाँदाखेरी २० प्रतीशतले हाम्रो १२ वटा मन्त्रालय हुन्छ ६० जना भएको ठाउँमा तर हामीले १२ वटा बनाउनु पर्ने छैन या त हामीले बाढीमा १० या ११ या ९ हिसाव  मिलाएर त्यो मिलाउने र नमिलेको ठाउँमा मिलाएर हामीले व्यवस्थित गर्ने अनि बल्ल त्यो आधारमा हाम्रो बजेटिङ्ग हुन्छ, प्रोग्रामिङ्ग हुन्छ अनि बल्ल हाम्रो ३ वर्षको होला ०७५/०७६ को वार्षिक समीक्षा, ०७६/०७७ को वार्षिक समीक्षा वा दुई वर्षको लगातार हामीले

समीक्षा गर्दा यो  वर्षको अर्ध वार्षिक समीक्षा गर्दा खेरी हामीले देखेको के हो भने, मन्त्रालय निर्माण गर्दा त्यो विषयहरु कोटफेरी नमिलाएको कारणले गर्दा भौतीक पूर्वाधारको विकास मन्त्रालयलाई भनौं उर्जाको कामै नहुने अरु काम ओझेलमा पर्ने, खाली बाटो, खानेपानी, पुल भनेका छौं अरु विषयमा शहरी विकासमा पनि ध्यानै नपुग्ने, ध्यानै नजाने, उद्योग, पर्यटन, वन वातावरण भन्यौं, वनको मात्रै काम हुन्छ ।

उद्योगले छोएकै छैन, वाणिज्य  हामीले छोएकै छैन, आपूर्तिको व्यवस्थै छैन, त्यस्तो स्थिती छ । यता कृषि भन्यो बरु कृषिमा  अलि ठिक्क मिलेको छ, त्यो धेरै नभएको यता अरु मन्त्रालय छन्, सामाजिक विकास मन्त्रालय त्यहाँ स्वास्थ्यको त्यो कोभिडको कारणले अलि बढी ध्यान दियौं, स्वास्थ्यको मात्रै काम भएको छ । शिक्षाको अलिअलि, शिक्षाको हामीलाई धेरै अधिकार पनि छैन । हामीले प्रतीष्ठान र जिआइटी र जियो खोलेको हुनाले हाम्रो काम त्यसले सृजना गरेको छ, बेग्लै कुरा हो। त्यसकारण यो शिक्षामा अरु सामाजिक विकासको क्षेत्रमा, जेष्ठ नागरिकको, दलितको या महिलाको, बालबालिकाको यो यस्तो यस्तो कुरामा हाम्रो ध्यान कम जाने, बजेट पनि कम हुने त्यसकारण यो संरचना बनाउनु जरुरी छ ।

यसपटक यो बजेट बनाउने क्रममा यो संरचनाहरु बनाएर वयान गर्यो भने ठिक्क मिल्छ यो मेरो लागि गरेको होइन नि । भोलि तपाईं मुख्यमन्त्री भयो भने तपाईंलाई पनि सजिलो हुन्छ नि, किनभने कर्मचारीको व्यवस्था गर्ने पर्नु हुन्छ । अब यसलाई बजेटमा लग्यो भने, यसलाई व्यवस्थापन गरियो भने, त्यो ठाउँ राम्रो बनाइयो भने त्यस्तो वातावरण बन्छ भनेको हो यसमा मेरो कुनै आग्रह छैन, त्यस्तो आग्रहमा बनाएको पनि होइन । अनि प्रदेशको नमुनाको काम के हो भने, मैले यो दावा गरेको, तपाईंहरुले पनि गर्व गर्नुपर्छ किन भने यो प्रदेश सरकार यो प्रदेश सभाप्रती रेसपोन्सिवल छ, जवाफदेही छ ।

मुख्यमन्त्री यो प्रदेश सभाप्रती जिम्मेवारी छ । मन्त्रीहरु व्यक्तिगत रुपमा मुख्यमन्त्री प्रती र सामूहिक रुपमा प्रदेश सभाप्रती रेन्सपोवल छ, एकाउन्टेवल छ । त्यो एकाउन्टेविलिटी को हिसावले प्रदेश सभाले गरेको कामले तपाईंको पनि एकाउन्टेलिलिटी भित्र पर्छ, क्रेडिटीविलिटी भित्र पर्छ, जती जती प्रदेश सभाले काम गर्दै

जान्छ त्यो त प्रदेश सभालाई पनि जान्छ नि, यहाँ प्रदेश सभामुखलाई, उपसभामुखलाई, माननीयज्यूहरुलाई पनि जान्छ नि । त्यसकारणले प्रदेशको नमुनाको काम गर्दाखेरी त्यसको जस प्रदेश सभालाई जान्छ नि, माननीयज्यूहरुलाई पनि जान्छ नि, त्यसकारण यो प्रदेशको नमुनाको कामले गर्दा हामीले अलि गर्व गर्नु पर्छ । म भन्न चाहन्छु, सानो सानो काम छ, यो पहिलो पल्ट सून्यबाट सुरु गरेको सरकारले गरेको काम गण्डकी प्रदेश प्रशिक्षण प्रतीष्ठान छ, त्यो अरु कुनै ठाउँमा छैन ।

हाम्रोमा मात्रै छ, हामीले पाठ्यक्रम बनाएका छौं, हाम्रो पाठ्यक्रम यो नेपालभरिको हाम्रो बाहेक अरु ६ वटा प्रदेशमा हाम्रो पाठ्यक्रलाई मूल पाठ्यक्रम मानेर उनीहरुले बल्ल चलाउन सुरु गरेका छन्, यो नमुनाको केही होइन? व्यवस्थित रुपमा यती होमस्टे बनाउने कमसेकम ५ वर्षभित्र भनेर नीती, कानुन, नियमावली बनाएर, विधि बनाएर अनि जनतालाई उत्साहित गराएर, एकीकृत बनाएर, ग्रामीण क्षेत्रको गरीवि निवारणमा रोजगारी र स्वरोजगारको सृजना गर्ने काममा, उत्पादन वृद्धि गर्ने काममा हाम्रो होमस्टेले धेरै काम गरेको छ । त्यहाँभित्र पनि धेरै कमी कमजोरी होलान् त्यो बेग्लै कुरा हो तर यो संगठित रुपमा, नीतीगत हिसावले होमस्टे संचालन गर्ने प्रदेश पनि गण्डकी प्रदेश हो, होमस्टेको सुरु भएको पनि गण्डकी प्रदेश हो, त्यसमा हामीले गर्व गर्नुपर्छ । यसले धेरै उत्साह ल्याएको छ जनतामा ।

आज ठाउँ ठाउँमा होमस्टे संचालन भइरहेको छ भन्ने कुरा सुन्दाखेरी हामीलाई गर्व लाग्नुपर्छ नि, यो तपाईंको पनि योगदान छ, हामी सबै प्रतीको योगदान हो, मैले बजेट चलाउने ठाउँमा भएको हुनाले मैले गरेको जस्तो देखिएको हो । हामी सबैले देखेको कुरा हो यो दोस्रो कुरा । तेस्रो कुरा गण्डकी प्रदेश सरकारले ल्याएका कामहरु नेपाल सरकारले पछ्यायो यो बजेट देखियो, यो गत वर्षको वजेटले त्यसमा हामीले गर्व गर्नु पर्छ । त्यो नमुना प्रोग्राम भनेको के हो भने गण्डकी प्रदेशको आफ्नो प्रदेश भित्रको एउटा निर्वाचन क्षेत्र एउटा सडक बनाउने भनेर निर्वाचित भन्यौ । फेरी यहाँ समानुपातीक माननीय सदस्यहरुले दुःख नमान्नु होला ।

हामीले जनसमक्षको प्रत्यक्ष सहयोगमा उहाँहरुले सिफरिस गरेको आधारमा हामीले एक निर्वाचन क्षेत्र एक सडक बनाउने भनेर हामीले अभियान सुरु गर्यौं, हाम्रो

नैतीक योजनामा त्यो बन्यो र त्यो एक निर्वाचन क्षेत्र एक सडक शुरुमा प्रारम्भ गर्न, अहिले त अरुले पनि षर्न थालेको छ अनि नेपाल सरकारले पनि पछ्याउन थाल्यो गत वर्ष देखि त्यो हामीले हेरेका छौं त्यो पनि नमुना कार्यक्रम हो हाम्रो । अनि गण्डकी प्रदेश भित्रको गाउँपालिका र नगरपालिकाहरुको जुन प्रशासनिक केन्द्र छ त्यो प्रशासनिक केन्द्रसँग जहाँ जहाँ बाटो पुगेको छ, त्यो बाटो पुगेको ठाउँबाट फेरी पनि ८ मिटरको फराकिलो पिचबाटो पुर्याउने हाम्रो अभियनै नै छ नि । त्यो पनि गत वर्ष देखि बल्ल नेपाल सरकारले युवराज खतीवडाले यो प्रोग्राम पनि पालिकाको सदरमुकामलाई उनीहरुले ल्याएको कार्यक्रमलाई हामीले चोर्यो भनेर हामीले भनेका छैनौं । हाम्रो कार्यक्रमलाई सम्मान गरेर उसले एउटा महसुस गरेर आफै राख्यो, हाम्रो कार्यक्रमलाई सघाउ पुगेको छ ।

यसबाट हाम्रो बजेट पुग्न नसकेको ठाउँमा १३५ वटा निर्वाचन क्षेत्रमा जे जे प्रधामन्त्रीले उद्घाटन गर्नुभएको छ सिद्धान्तको हिसावले यसको विरोध गरेको छु मैले। नेपाल सरकारले पालिका पालिकामा पुग्ने बाटो नेपाल सरकारले बनाउने होइन, उसले कुनै एउटा विभाग खडा गरेर बनाउने होइन, यहाँको प्रदेश सरकार सक्षम छ, यहाँ प्रदेशको भौतीक पूवार्धार मन्त्रालय सक्षम छ भनेर भनेको छु । तर त्यसबाट प्राप्त भएको जुन रकम हो त्यसमा हाम्रो रकमले नपुगेर सुरु गर्न नसकेका केही ठाउँमा, जमजुङकै २ ठाउँ छ । मेरो पालिका र अर्को दूधपोखरी गाउँपालिकामा त्यही बजेट हालेर यो पुर्याउने अभियान सुरु गरेका थियौं ।

हाम्रो आफ्नो कार्यकालभित्र पुर्याउन भनेका थियौं तर यो कोभिडको कारणले त्यो नहुने भयो, कतीपय हाम्रा यो पञ्चवर्षिय लक्ष्यहरु पूरा नहुने भयो । त्यो पनि हाम्रो नमुना प्रदेश, कसले भन्या छ गण्डकी प्रदेश उज्यालो प्रदेश भनेर ? लुम्विनी प्रदेश उज्यालो प्रदेश भनेको छ ? सुदुरपश्चिम प्रदेशले उज्यालो प्रदेश भनेको छ ? कसैले भनेको छैन, गण्डकी प्रदेशले भन्यो गण्डकी प्रदेश उज्यालो प्रदेश । आज हाम्रो ९८.९ प्रतशित घरधुरीमा विजुली पुगेको छ । एकाध ठाउँमा मात्र बाँकी छ । त्यसो हो भने तनहुँमा सेती हाइड्रो र तनहुँ हाइड्रको कारण गर्दा र उसले जनतासँग गरेको बाचा पुरा नगरेको कारणले र एन.जि.ओ त्यसको कुरा नमिलेको कारणले गर्दा र उसले जनतासँग गरेकोको कारणले र त्यो नभएको कारणले त्यहाँ केही छुट भएकोले, र हाम्रो

केही कारणले १०० प्रतीशत पूरा हुन नसकेको हो । नेपाल सरकारको सानोतीनो कार्यक्रम, यो गाउँ गाउँ भएकोले त्यो एकदमै भाँचिरहेको, झुण्डिरहेको काठे पोललाई स्टीलको पोलले विस्थापन गर्ने भनेको योजना  हाम्रो प्रदेशमा मात्रै हो। होइन, पछि अरु प्रदेशमा पनि सुर गरेको होला, त्यो मलाई थाहा छैन त्यो पनि एउटा हाम्रा नमुना प्रोग्राम नै हो ।

आधारभूत खानेपानी हाम्रो नमुना कार्यक्रमलाई गत वर्ष एप्रिसेड गरेर युवराज खतीवडाले गत वर्षको बजेटमा यो आधारभूत खानेपानी जुन गण्डकी प्रदेशले ल्याएको छ त्यो राम्रो प्रोग्राम हो भनेर गण्डकी प्रदेशले ल्याइएको छ त्यो राम्रो प्रोग्राम हो नेपाल सरकारले किन नगर्ने भनेर हाम्रो आधारभूत खानेपानी सुरु भएको कहिले ०७४/०७५ को पूर्व बजेटदेखि हो । र, आज गण्डकी प्रदेशमा हामीले गत वर्ष सक्ने भनेको कोभिडले बिगार्यो, यो वर्ष सक्ने भनेको यो वर्ष पनि कोभिडले विगारिराखेको छ । यो प्रदेशको कार्यकाल भित्र गण्डकी प्रदेशको ५ लाख ७८ हजार करीव करीव भन्छौं यती घरधुरीका जनताहरु जहाँका जनताहरुले इनारको पानी खानुपरेको छ, पँधेरोको पानी खानुपरेको छ, खोलामा खोल्सीको पानी उवाएर खानु परेको छ त्यही ठाउँको जनताले पहिलो पटक धाराको पानी खाएका छन् ।

यो प्रदेश पनि गण्डकी प्रदेश हो । हामीले गरेका महत्वपूर्ण काम यो पनि हो। हामीले नेपाल सरकारको अभियान पनि सानो छ, उसले अभियान सुरु गरेको रहेनछ, केही केही ठाउँमा एनजिओहरुले जिल्लाको खानेपानी कार्यालयलाई एक घर एक धारा भनेर बनाउँदो रहेछ तर त्यसको कुनै व्यवस्थित खाका रहेनछ । तर हामीले  ५ लाख ७८ हजारको घरधूरीमा हामी एक घर एक धाराको अभियानको संचालनमा छौं । कहिले सकिएला त्यो तर हाम्रो बजेटिङको  कन्स्टेन्टको कारणले हामी ५ वर्ष भित्रमा नसक्ने भयौं तर हाम्रो अभियान जारी छ ।

६ वर्ष ७ वर्षमा पुग्छ   होला । कहिपय ठाउँमा तथ्यांक नै आएको छैन, पालिका, नगरपापालिकाको  कतीपय ठाउँमा पहिले नै बनिसकेको छ नि एक घर एक धारा यो सालदेखि लुम्बिनी प्रदेशले भनिराखेको सुनिराखेका छौं ।

अर्को प्रदेश सरकाले भनिराखेको हामीले सुनिराखेका छौं। यो पनि हामीले सुरुवात गरेको नमुना कार्य हो । तर गण्डकी प्रदेशमा एउटा प्राविधिक एकाडेमी स्कूल, कलेज, खोल्ने प्रदेश, खोलेर काम गर्न सकेको प्रदेश, खोलेको प्रदेश पढाई सुरु गरेको प्रदेश, गण्डकी प्रदेश एउटा प्राविधि सीप विकास तालिम प्रशिक्षण केन्द्र गण्डकी ईन्स्टिच्यूट अफ टेक्नोलोलोजी भनेको छौं । त्यसले आफ्नो जग्गा प्राप्त गरेर भवन निर्माणको काम र अरु स्ट्रक्चर निर्माणको काम गरेर अब यो वर्षदेखि ट्रेनिङ्ग सुरु गर्नेछौं । प्राविधिक र व्यावसायिक जनशक्ति निर्माण गर्ने यो मध्यम खालको जनशक्ति, प्रारम्भिक खालको जनशक्ति स्थापना गर्ने काम त्यो प्रदेश सरकाले गर्छ र उच्च स्तरको जनशक्ति उत्पादन गर्ने काम हाम्रो गण्डकी विश्वविद्यालयले गर्छ ।

साँच्चै नै मुलुकभित्रको एउटा व्यवस्थित विश्वविद्यालयको रुपमा गण्डकी प्रदेशलाई युनिभर्सिसिटीलाई संचालन गर्ने काम हाम्रो गण्डकी प्रदेशले सफलता प्राप्त गरेका छौं । अरुले त यो काम गरेका छैनन्, भन्न त धेरैले भनेका छन्, त्यसैले यो पनि हाम्रो शिक्षामा रहेको एउटा नमुना प्रोग्राम हो । यस्ता अरु सानातीना धेरै कामहरु होला, त्यो काम गर्न सकेका छैनौं ।

यो वर्ष हामीले सबभन्दा अर्थमन्त्रालयले प्राविधि कमिशनले एप्रिसेट प्रोग्राम के थियो भने अघि माननीयज्यूहरुले पनि भन्नुभयो इन्टरप्राइजेज सर्भाइवल फण्ड, कोभिडको कारणले गर्दाखेरी धेरै साना साना उद्योगहरु, सार्वजनिक यातायातका व्यवसायीहरु, साना साना व्यवसायीहरु, या त सेवा क्षेत्रका व्यवसायीहरु, या पर्यटनका व्यवसायीहरु, सबै तहस नहस भएको या त त्यो व्यवसाय छोडेर भाग्ने स्थिती भएकोले पहिला सर्भाइव त्यसपछि रिभाइव हुन्छ भनेर फस्ट हाम्रो स्लोगन सर्भाइवेवल, सर्भाइवेवलको लागि गण्डकी प्रदेश सरकारले एक पैसा निर्व्याजीजी ऋण प्रवन्ध गरेको छ । हाम्रो उद्देश्य यो वर्ष १ अरव व्याज लगाउने हो भने कमसे कम कम्तिमा ८, ९ अरवको ऋण हामी प्रवाह गर्नु पर्ने हुन्छ ।

बैंकलाई त्यही भन्यौं हामीले, सरकारले बाड्ने होइन यस्तो कुरा, सरकारले बाँड्यो भने त्यहीं धाँधली हुन्छ, हामीले आधारहरु गरेका छौं, कार्यविधि बनाएका छौं, कार्यविधि बनाएका छौं, त्यो कार्यविधिको आधारमा राष्ट्र बैंकलाई जिम्मा दिएका छौं,

राष्ट्र बैंकले वाणिज्य बैंकलाई  लगाएर अरु १८ वटा बैंकहरुलाई कायान्वयन गरिराखेका छन् । त्यसमा पनि केही केही प्रश्न उठिराखेको छ, कार्यविधि धेरै जटिल भयो भनेर प्रश्न उठिरहेको छ, त्यसलाई हामीले कार्यविधि संशोधन गरेका छौं फेरी पनि संशोधन गर्ने हो । धेरै भन्दा धेरै दुःख पाएका, त्यो पेशा छोडेर भाग्नुपरेका व्यवसायीहरुलाई राहत पाओस् भन्ने अभियानमा हामी छौं र यो वर्ष पनि त्यो अभियान त्यो कोष जारी रहन्छ । त्यो सबै प्रदेशले कस्तो राम्रो प्रोग्राम ल्याएको रहेछ भनेर राष्ट्र बैंकदेखि सबैले प्रशंसा गरेको एउटा कार्यक्रम हो । यद्यपि त्यसमा जती जनताले लाभ लिनु पर्ने यस वर्ष हामीले ५ अरव जती मात्र ऋण प्रवाह गर्न सक्नेछौं ।

त्यसकारण हाम्रा ५ अरव ऋण प्रवाह हुँदा करिव ३०-४० करोड व्याज दिएको छ किनभने त्यो फागुनदेखि मात्र शुरु भएको  हो । ५-६ महिना, ७-८ महिना त्यसै गयो । यो वर्षको ३ महिना भित्र करिव ३०, ३५ करोड जती खर्च गर्ने हो र त्यो रकम अर्को वर्ष १ अरब गर्ने हो, हामीले १ वर्षमा यही हिसावले जाने हो भने (तीन महिनाको ३०×४) १ अरव २० करोड दो रहेछ हामीलाई । यो ५ अरव ६ अरव ऋण दिँदाखेरी, हामीलाई व्याज त्यती हुन्छ ।

यो सालदेखि फेरि यो वर्ष हामी १ अरव भन्छौं यसमा यो वर्षको हामी केही न केही अल्या त्यही हामी  राख्छौं । त्यसरी हाम्रो कमसे कम ५-६ अरव बजेट हरेक वर्ष प्रवाह भन्यौं भने हामीले ३ वर्षको निव्र्याजी ऋण दिएका छौं । यो कोभिड अलि अलि बढ्दै गयो भने हामी त्यसलाई ४-५ वर्ष पनि भन्न सक्छौं ।

यसरी आधारभूत जनता या न्यूनतम जनतालाई फाइदा हुने काम भएको छ र यो पनि हाम्रो महत्वपूर्ण काम हो भन्ने लाग्छ मलाई । अर्को प्रहरी भर्ना  अहिलेसम्म पनि प्रहरी ऐन निर्माण भइसक्यो । प्रदेश र केन्द्रीय सरकारसँग अहिले पनि विवादमा छ । वाग्मती प्रदेशमा भ्याली पुलिस संघ मार्फत राख्न खोजेको संघीय सरकार र प्रदेशको मातहतमा आउनु पर्यो भनेर प्रदेश सरकार भनेर त्यसका कारणले अहिले रोकिराखेको छ । कानुन सबै माथि बनिसकेको छ । त्यसको आधारमा प्रदेशमा पनि हामीले बनाइसकेका छौं । त्यसको आधारमा भर्नाको प्रक्रियाहरु यहीं सुरु भएको छ

र अहिले पनि कतीपय कुराहरु माथिबाट हस्तान्तरण नभएकोले हुनाले माथिबाटै हुन्छ र त्यो कुरा माननीयज्यूले राखिसक्नु भएको छ ।

अहिले हामीसँग भर्ना प्रक्रिया सबै यहीबाट हुने भए पनि त्यो अधिकार टोटल रुपमा प्रदेश मातहत गयो भनेर अहले पनि माथिबाट आउन बाँकी छ, त्यो कुरा साँचो हो र म अन्तमा के भन्न चाहन्छु भने अब यी सबै कुराहरु हामीले गरिराखेका छौं । माथि जे कुराहरु भएको छ । यी सबै कुराहरु छोडेर, मैले पहिले पनि भनेको थिएँ गण्डकी एउटा मोडल गरौं न मोडल गराउँदाखेरी एउटा सर्वदलिय वैठक पनि बनाउन सक्छौं भनेका थियौं त्यसमा कुरा मिलेन । हामीले भन्यौं अब संसदमा सबैभन्दा ठूलो दल नेकपा एमाले अहिले सत्ता प्रतीपक्ष भएपनि संसदको संरचनाको हिसावले झण्डै झण्डै हामी ५० प्रतीशत, ६० मा २७ जना भएको यो एउटा दल हो ।

यसकारण त्यो दललाई पन्छाएर, त्यो दललाई तल राखेर, अरु सहमतीको हुने कुरा गाह्रो हुन्छ । तपाईंहरु आन्दोलनमा भइरहेको हुनाले आन्दोलनकारी शक्तिले जसको विरुद्धमा आन्दोलन भइरहेको छ त्यसलाई स्वीकार्ने भन्ने कुरा केन्द्रिकृत हिसावले तपाईंहरुलाई अप्ठेरो भएको म बुझ्छु व्यवहारिक रुपमा बुझ्छु । त्यसमा केही न केही अप्ठेरो नपरिकन हामी जान सक्दैनौं । आजको दिनबाट धेरै कुराहरु उठाउनु भयो, हामीले के गर्छौं आजबाट नयाँ प्रकृया शुरु हुन्छ फेरी । त्यो संविधानमा जे जे प्रकृया छ, धारा उपाधारा जे जे छ त्यही प्रकृयामा जान्छौं हामी।

त्यसकारण यसमा तलमाथि गर्नु पर्ने कुनै कारण छैन । यसकारण यो संविधान प्रती, व्यवस्था प्रती, लोकतन्त्र प्रती प्रतीवद्ध व्यक्तिले यो कुराहरु गर्दछन्। त्यसकारण यी सबै कुराहरु राखेर म पुनः एकपटक के भन्न चाहन्छु भने सबै माननीयज्यूहरु र हामीले यो प्रदेशको गरिमालाई अगाडि बढाउनको लागि प्रदेशभित्र कमसे कम सहकार्यको स्थिती छ, एकताको सहकार्यको, समन्वयको स्थिती छ भन्ने कुराको प्रत्याभूत गर्नको लागि पनि हामी मिलेर जान सक्छौं फेरी पनि, यो विश्वासको मत यो प्रदेश सभाको प्राप्त होस् भनेर राखेको छु र यो विश्वासको मतमा सबै माननीयज्यूहरुले सहृदयपूर्वक सहयोग गरेर विश्वासको मत दिनको लागि म हार्दिक अनुरोध गरेर पुनः एक पटक यो गण्डकी प्रदेश सभालाई अझ प्रभावकारी बनाऔं ।

यो गण्डकी प्रदेश सरकारलाई अझ नमुना बनाऔं र यो गण्डकी प्रदेशका माननीयज्यूहरुलाई अझ सक्षम बनाऔं यो अनुरोध गर्दै र अन्तिममा विश्वासको मत प्रकट गरिदिन सबै माननीयज्यूहरुलाई अनुरोध गरेर म आफ्नो भनाई यहीं टुंग्याउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु, गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न राखुभएको प्रस्तावलाई प्रदेश सभा नियमावली २०७४ को नियम १४३ को उपनियम ७ बमोजिम उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा दस्तखत सहितको मत विभाजन गरी मत संकलन गरिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउँछु।

माननीय सदस्यहरु, अब म मत विभाजन गर्दा अपनाइने प्रकृयाको बारेमा जानकारी गराउँदछु -

क) विभाजन गर्नुअघि सभाकक्ष बाहिर हुने माननीय सदस्यहरुलाई प्रवेश गर्ने मौका दिन ५ मिनेट सम्म विभाजन घण्टी बजाइने छ ।

ख) विभाजन घण्टी बजेपछि सभाकक्ष बाहिर हुनुभएका माननीय सदस्यहरु सभाकक्ष भित्र प्रवेश गर्नु पर्नेछ ।

ग) विभाजन घण्टी बन्द गरेपछि सभामुख आसनको दायाँ र बायाँ तर्फका कक्षहरु खाली गराइने छ । सभामुख आसनको दायाँ र बायाँ तर्फका कक्षहरु भन्नाले माननीय सदस्यहरुको प्रवेश कक्षलाई विभाजन गरी तयार गरिएका दायाँ र बायाँ कक्षहरुलाई मानिने छ ।

घ) सभामुख आसनको दाहिने तर्फ र देब्रे तर्फ रहेका कक्षहरुमा बाहिरबाट प्रवेश गर्ने र बाहिर जाने सम्पूर्ण ढोकाहरु बन्द गरिने छन् ।

ङ) उल्लेखित ढोकाहरु बन्द गरिएपछि मत संकलन कार्य संकलन कार्य सम्पन्न नभएसम्म बाहिर रहेका माननीय सदस्यहरु लगायत कसैलाई पनि सभाकक्षमा

एवं उल्लेखित कक्षमा प्रवेश गर्न दिइने छैन । सभामुख आसनको दाहिने र देब्रे तर्फ रहेका कक्षहरुमा माननीयहरुको वर्णानुक्रम अनुसार नामावली राखिएका छन् ।

यस प्रस्तावको पक्षमा हुने अर्थात हुन्छ भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आसनको दायाँ तर्फ रहेको उपकक्षको लवीमा प्रवेश गरी त्यहाँ रहेको वर्णानुक्रम अनुसारको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ । यस प्रस्तावको विपक्षमा हुने अर्थात हुन्न भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आसनको बायाँ तर्फ रहेको उपकक्ष लवीमा त्यहाँ रहेको वर्णानुक्रम अनुसारको आ—आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ ।

माननीय सदस्यहरुको सहयोगको लागि दुवै तर्फका सचिवालयका कर्मचारीहरु रहने छन् । कुनै माननीय सदस्यहरुले आफ्नो मत सच्याउन चाहेमा मतदान सकिएको ३ मिनेट भित्र  माग सच्याउन दिइने छ । माननीय सदस्यहरु, अब ५ मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु । माननीय सदस्यहरु, अब म सभामुख आसनको दाहिने र देब्रेबाट निस्कने ढोकाहरु बन्द गर्न आदेश  दिन्छु।

माननीय सदस्यहरु, अब गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङले आफूलाई  प्रदेश सभाको विश्वास दिइयोस् भनि राखुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरु, यस प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरु सभामुख आसनको दायाँ तर्फ रहेको उपकक्ष लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम  अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरु सभामुख आसनको बायाँ तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ—आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला ।

माननीय सदस्यहरु, प्रस्तावको पक्षमा अर्थात हुन्छ भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरु सभामुख आसनको दायाँ तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ

राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस् । माननीय सदस्यहरु, प्रस्तावको विपक्षमा अर्थात् हुन्न भन्ने पक्षमा रहनु हुने माननीय सदस्यहरु सभामुख आसनको बायाँ तर्फ रहेको उपकक्षको लवीमा प्रवेश गरी त्यहाँ राखिएको वर्णनानुक्रम अनुसारको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

मत जाहेर गर्न कोही सदस्य हुनुहुन्छ भने मत जाहेर गर्नको निम्ति ५ मिनेटको समय दिन्छु । समय समाप्त भयो । माननीय सदस्यहरु, तपाईंहरु मध्ये कसैले आफ्नो मत सच्याउनु हुन्छ भने ३ मिनेटको समय दिन्छु, सो समय भित्र ड्यासमा आई आफ्नो मत सच्याउन सक्नु हुनेछ ।

माननीय सदस्यहरु, कसैले पनि मत सच्याउन चाहनु भएन । माननीय सदस्यहरु, बन्द गरिएका सबै ढोकाहरु खोल्न आदेश दिन्छु । माननीय सदस्यहरु, अब म मत विभाजनको परिणाम घोषणा गर्दछु । माननीय सदस्यहरु, आजको मतदानमा उपस्थित माननीयहरुको संख्या ५८ पुगेको छ र मतदान ५७ जनाले गर्नुभएको छ ।

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङले आफूलाई प्रदेश सभाको विश्वास दिइयोस् भनी राख्नुभएको प्रस्तावको पक्षमा वा हुन्छ भन्ने पक्षमा २७ र प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा ३० मत परेको छ ।

माननीय सदस्यहरु, गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङले आफूलाई प्रदेश सभा विश्वास दिइयोस् भनी राखेको प्रदेश सभाको २७ रहेको र वहुमत नभएकोले माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङले आफूलाई प्रदेश सभाको विश्वास दिइयोस् भनी राख्नुभएको प्रस्तावलाई अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब यो वैठक २०५८ साल जेठ २८ गते शुक्रबार बिहान ११ बजेसम्मको लागि स्थगित हुन्छ ।

# भर्वेटिममा संलग्न

| तयार गर्ने | रुजु गर्ने | कम्प्युटर सेटिङ् तथा प्रिन्टिङ् |
|---|---|---|
| हिमालय अपसेट प्रेस | रबिन्द्र घिमिरे | सबिता कुमारी शर्मा |
| नयाँबजार, पोखरा । | कम्प्युटर अधिकृत (आठौं) | माइक संचालक |
| | कमला पौडेल | |
| | अधिकृत (छैटौं) | |

**प्रमाणित गर्ने**

हरिराज पोखरेल

प्रदेश सभा सचिव